## मिति २०८२।०८।११ गते चौकुने गाउँपालिका गाउँ कार्यपालिका बैठक निर्णयहरुः

निर्णय नं. १, मिति २०८२।०७।३० गते कार्यपालिका बैठकको समिक्षा गरीयो ।

निर्णय नं. २, राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्र मार्फत आ.व २०८२-८३ मा सन्चालन हुने वडाबाट सिफारीस भइ आएका आयोजनाहरु छनौट तथा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३, चौकुने गाउँपालिका आ.ब. २०८२।०८३ को बजेट तथा कार्यक्रम अनुसार संघीय समपुरकतर्फ मिलनचोक-बिउरेनी-झकमके घुम्तीमोड-जुम्लयामुल पालिका जोड्ने कालोपत्रे सडक र सङघीय बिशेष अनुदानतर्फ देवल सिचाई कुलो वडा नं.१ ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ४, मिति २०८२।०६।२९ गते चौकुने गाउँपालिकाबाट वडा नं. ८ स्थित कृषि संकलन केन्द्र सञ्चालनको लागि श्री नवलक्ष्मी साना किसान कृषि सहकारी संस्था लि.लाई हस्तान्त्रण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५, चौकुने गाउँपालिकाको आ.ब. २०८२।०८३ को बजेट तथा कार्यक्रम अन्तरगत वडा २ र ४ को मोटरसाइकल खरिदमा रकम विनियोजन भएकोमा मोटर खरिद गरी चौकुने गाउँपालिकाको नाममा दर्ता प्रक्रिया अगाडी बढाउन निर्णय गरियो।

निर्णय नं. ६, सुर्खेत जिल्ला अदालत र नापी कार्यालय सुर्खेतबाट माग भए बमोजिम सुर्खेत जिल्ला अदालतको लागि कम्प्युटर - १थान, प्रिन्टर -१ थान, कुर्सि - ५ थान र नापी कार्यालय सुर्खेतको लागि प्रिन्टर - २ थान, स्क्यानर - ३ थान उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७, चौकुने गाउँपालिकाको नाम दर्ता रहेको क.प्र.०२-००१ झ ००८२ नंम्बरको हलुका सवारी साधन इसुजु गाडी बिग्रिएको मर्मत खर्च करिब ७/८ लाख हुने देखिएकोले तत्काल मर्मत गरेर चलाउन नसकिने भएको हुदाँ हाललाई जिल्ला समन्वय समितिको परिसरमा राख्ने व्वस्था मिलाउने निर्णय गरियो ।

चौकुने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुटु सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

निर्णय नं. ८ चौकुने गाउँपालिकाको नाममा रहेको हेभी इक्युपमेन्ट बा १ ग ३५२७ नं. एक्साभेटरको चेन गोटी खिएर प्वाल परेको, टुटफुट भएकोले तत्काल मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९, गत आर्थिक बर्षमा वितरण गरीएको पाईप तथा निर्माण सामग्री प्राविधिक नापजाँचको आधारमा भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १०, प्रस्ताव नं. १२ माथि छलफल गर्दा चौकुने गाउँपालिका स्थित वडा नं. १,५,७ र ९ को वडा कार्यालय निर्माण ठेक्का पोष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

देहायः

निर्णय नं. ११, गाउँपालिकाका शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०८२ को दफा ७ को उपदफा २ अनुसार शिक्षक दरबन्दी मिलान, पुनःवितरण तथा पदस्थापनको लागि नाम नामेसि सहितको प्रतिबेदन सिफासिस समिति र शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १२, देहायका कार्यविधि उपर दफावार छलफल गरी सर्वसम्मत रुपमा पारित गरियो ।

| क्र.स. | विवरण | कैफियत |
|---|---|---|
| १ | करारमा जनशक्ती भर्ना सम्बन्धी कार्यविधि, २०७९ पहिलो संशोधन | |
| २ | गौशाला स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ | |
| ३ | नदी तथा नदीजन्य स्रोत उत्खनन्, संकलन तथा बिक्रि वितरण सम्बन्धी कार्यविधि, २०८२ | |
| ४ | एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ | |
| ५ | सुरक्षित नागरिक आवास कार्यक्रम (फुसको छानामुक्त) कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८२ | |

| | | |
|---|---|---|
| ६ | आर्थिक सहायत मापदण्ड सम्बन्धी कार्यविधि, २०८२ | |
| ७ | प्राविधिक कर्मवारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२ | |

**निर्णय नं. १३, चौकुने** गाउँपालिकाको प्रस्तावित संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार १ जना अमिन पदको लागि विज्ञापन गर्ने र भूमी शाखा प्रमुखको समेत थप जिम्मेवारी रोजगार संयोजक कमल कृष्ण जैसीलाई तोक्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १४, राज़ी संग्राहालय पर्यटन पुर्वाधार निर्माण बाँकि रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १५, बेतान स्वास्थ्य चौकीको जग्गा सट्टापट्टा गर्ने निर्णय गरियो ।

निर्णय नं. १६, चौकुने गाउँपालिका सेवा क्षेत्रमा नेपाल टेलिकमको शाखा विस्तारको लागि सिफारिस गर्ने निर्णय निर्णय गरियो ।

निर्णय नं. १७, चौकुने बृहत खानेपानी आयोजना ४,९र १० तथा पञ्चपुरी ११ खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ता गर्ने निर्णय गरीयो ।

निर्णय नं. १८, बिभिन्न योजनाहरु माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १९, विभिन्न वडाबाट आर्थिक सहायता माग भै आएकोमा कार्यविधिमा तोकिए वमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

खड्क वि.क. (विवस)
अध्यक्ष
चौकुने गाउँपालिका गाउँ कार्यपालिका कार्यालय गुट्टु, सुर्खेत ।